परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष १५ ❑ अंक ६ २०८३ भाद्र १४ आईतवार Sunday, 30 AUG 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## तिब्बतबाट आएको भीषण बढीले रसुवा सहितका जिल्लामा धनजनको क्षति

विराटनगर । भदौ १० गते विहान रसुवाको भोटेकोशी नदीमा आएको आकस्मिक वाढीले बस्ती, सडक, पुल, बजार तथा विभिन्न पूर्वाधार भत्काई ठूलो धनजनको क्षति हुनका साथै सयौको संख्यामा मानवीय क्षति भएको छ ।

चीनको तिब्वत क्षेत्रमा हिमपहिरो घटनापछि भोटेकोशी नदी हुँदै नेपाल प्रवेश गरेको भीषण बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो । नेपाल सरकारको गृह मन्त्रालयले रसुवा, नुवाकोट, धादिङ र गोरखालगायत भोटेकोशी तथा तल्लो तटीय क्षेत्र प्रभावित भएको जनाएको छ ।

बाढीको सबैभन्दा ठूलो प्रभाव रसुवाको टिमुरे, रसुवागढी, स्याफ्रुबेँसीलगायत क्षेत्रमा परेको छ । बाढीले सडक र पुल बगाउँदा घटनास्थलमा स्थलमार्गबाट पुग्न कठिन भएको थियो । प्रारम्भिक विवरणअनुसार रसुवागढी भन्सार क्षेत्र, व्यापारिक संरचना, प्रहरी चौकी, आवासीय तथा व्यावसायिक भवन र जलविद्युत् आयोजनाहरूमा समेत ठूलो क्षति पुगेको छ ।

बाढीपछि मृतक र बेपत्ता हुनेको संख्या निरन्तर बढिरहेको छ । पछिल्लो विवरणअनुसार ६ सय भन्दा बढीको मृत्यु पुष्टि भइसकेको छ भने २ हजारभन्दा बढी मानिस बेपत्ता रहेको विवरण सार्वजनिक भएको छ । यद्यपि खोज तथा उद्धार जारी रहेकाले संख्या अझै परिवर्तन हुन सक्ने अवस्था छ ।



भोटेकोशी नदीमा आएको बाढीले नुवाकोटको विदुर १ दुंगेस्थिति क्षतिग्रत बजार तस्वीर : कान्तिपुर

रसुवा जिल्लामा मात्रै पनि ठूलो मानवीय क्षति भएको छ । उद्धार टोलीले प्रभावित क्षेत्रमा खोजी जारी राखेका छन् । केही दिनअघिसम्म स्थानीय प्रशासनले समेत मृतक र बेपत्ताको यकिन संख्या संकलन हुन बाँकी रहेको जनाएको थियो । बाढीबाट नेपाली नागरिकसँगै विदेशी पर्यटक, तीर्थयात्री तथा विभिन्न जलविद्युत् आयोजनामा कार्यरत श्रमिकसमेत प्रभावित भएका छन् । विभिन्न देशका सयौँ नागरिक सम्पर्कविहीन रहेको जनाएका छन् ।

### सडक, पुल र जलविद्युत् संरचनामा व्यापक क्षति

बाढीले सडक तथा पुलहरू बगाउँदा रसुवा-चीन सीमा नाकासँगको यातायात तथा व्यापारिक सम्पर्कमा गम्भीर असर परेको छ। प्रारम्भिक विवरणमा ३५ वटा पुल र करिब ४० किलोमिटर सडक बाढीबाट क्षतिग्रस्त वा ध्वस्त भएको उल्लेख छ।

जलविद्युत् क्षेत्रमा समेत ठूलो क्षति पुगेको छ । बाढीको तीव्र बहाव र ढुंगा-माटोको लेदोले नदी किनारका आयोजना तथा निर्माणाधीन संरचनामा क्षति पुऱ्याएको छ । केही आयोजनाका सुरुङ तथा संरचनामा मानिस फसेको र उद्धारका लागि सुरक्षा निकाय परिचालन गरिएको छ । रसुवाको टिमुरेमा निर्माणाधीन सुख्खा बन्दरगाहमा मात्रै करिब १ अर्ब रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ ।

### उद्धार तथा राहत तीव्र

विपद्पछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसहितका सुरक्षा निकायले खोज, उद्धार तथा राहत

बांकी अन्तिम पेजमा...

## जुटमिलमा रहेको उपकरण संरक्षण विहिन

विराटनगर । लामो समयदेखि बन्द अवस्थामा रहेको विराटनगर जुटमिलमा रहेको उपकरण र जग्गा संरक्षण विहीन रहेको वेला जुटमि पुन : सञ्चालन गर्नुपर्ने बहस सुरु भएको छ ।

राज्यले आफ्नै स्वामित्वमा मिल सञ्चालन गर्नुपर्ने आवाज जताततै उठ्न थालेको छ भने मिल बन्द भएपछि यतिवेला मिलमा रहेको उपकरण र जग्गा संरक्षणविहीन बनेको छ ।

वि.सं. १९९३ मा स्थापना भएको विराटनगर जुटमिल नेपालको औद्योगिक इतिहासमा महत्वपूर्ण उद्योग मानिन्छ । मिलको नाममा कुल ६७ बिघा क्षेत्रफल जग्गा रहेको छ । जसमध्ये करिब ४६ बिघा फ्याक्ट्री एरिया रहेको छ । हडताली हाट क्षेत्रमा ४ बिघा १७ कट्ठा, हरिनगर भट्ठा क्षेत्रमा १ बिघा १३ कट्ठा ५ धुर तथा दक्षिण गेट क्षेत्रमा २ बिघा १८ कट्ठा १५ धुरलगायत करिब १३ बिघा जग्गा अतिक्रमण गरी घर टहरा बनाएको पाईएको छ ।

जुटमिलको जग्गामा करिब ६५ वटा पसल तथा अन्य संरचना रहेको छ। जुटमिलले न्यूनतम ४० रुपैयाँदेखि अधिकतम ३ हजार रुपैयाँसम्म मासिक भाँडा निर्धारण गरेको छ । तर धैरै जसोले भाँडा पनि नतिरी घर टहरा बनाएर आफू पनि बस्दै आएको छ । उनीहरुले निर्माण गरेको घर टहरा अरूलाई मासिक १४ हजार रुपैयाँसम्ममा भाँडामा लगाउने गरेको पाइएको छ ।

विराटनगर जुटमिल विराटनगर महानगरपालिका-१६ मा रहे पनि यसको केही जग्गा वडा नम्बर १५ मा समेत रहेको छ । जुटमिल परिसरमै अस्थायी टहरा तथा अन्य संरचना निर्माण गरी बसोबास र व्यवसाय गर्ने क्रम रोक्न पटक-पटक आग्रह गरिए पनि अतिक्रमण हट्न नसकेको जुटमिल संचालक समिती सदस्य एवं कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङका प्रमुख कोष नियन्त्रक तोमनाथ उप्रेतीको भनाई छ ।

जुटमिल सञ्चालन गर्नुअघि यसको सम्पत्ति, मेसिन तथा भौतिक संरचनाको यथार्थ अवस्था पत्ता लगाउन आवश्यक रहेको । जुटमिल पुन: सञ्चालन गर्न मेसिनरीको प्राविधिक अवस्थासहित विस्तृत अध्ययन आवश्यक रहेको प्रमुख उप्रेतीले वताए । राज्यले चाहेमा जुटमिल सञ्चालन गर्न सकिने भए पनि त्यसका लागि

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## धनपालथानका...

नेपालमा बर्थिङ सेन्टरको इतिहास त्यति लामो नभए पनि विस्तार भने लोभलाग्दो छ। सन् १९९५ मा पाटन अस्पतालको प्रसुति विभाग अन्तर्गत खुलेको पहिलो बर्थिङ सेन्टरको स्थापनाको भर्खरै ३० वर्ष पुरा भएको देखिएपनि देशका अधिकांश स्थानीय तहहरूमा सेन्टरको विस्तार भने भैसकेको छ।

पश्चिमाञ्चल क्षेत्रिय अस्पतालका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा.दिपकराज काफ्लेले मेडिकल जर्नल अफ पोखरा एकेडेमी अफ हेल्थ साइन्समा बर्थिङ सेन्टर सम्बन्धी आफ्नो आर्टिकलमा नर्सिङ्ग वा अनमीको मातहातमा सञ्चालन हुने बर्थिङ सेन्टर सामान्य अवस्थाको गर्भवतीका लागि आर्थिक रूपमा सस्तो, सन्तुष्ट सेवा प्राप्त हुने र अस्पताल भन्दा बढी सकारात्मक परिणाम प्राप्त हुने स्वास्थ्य स्थानको रूपमा व्याख्या गर्नु भएको छ। बर्थिङ सेन्टरमा गर्भवस्था र सुत्केरी अवस्थाको विश्व स्वास्थ्य संगठनद्वारा निर्मित प्याट्रोग्राफबाट निरीक्षण र सुपरीवेक्षण हुने भएकोले सामान्य अवस्थाका गर्भवती लागि उक्त उपयुक्त हुने काफ्लेले आफ्नो अनुसन्धानमा फेला पारेको लेख्नु भएको छ।

विश्वव्यापीरूपमा सस्तो र सहज स्वास्थ्य स्थलको रूपमा सञ्चालन हुने यस्ता बर्थिङ सेन्टरको उपस्थितिले धनपालथान गाउँपालिकाका आमाहरूको प्रसव अवस्थालाई जोखिममुक्त बनाउन र पालिकाको भविष्य बलियो र सुन्दर बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ।

## धार्मिक...

रेश्मा सिंहलाई सभाले छनोट गरेको छ। कार्यक्रममा विश्व हिन्दू परिषद नेपाल कोशी प्रदेशका अध्यक्ष देवेन्द्र गुप्ताले नव निर्वाचित पदाधिकारी लगायत सदस्हरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए।

नवगठित कार्य समितिले मोरङ जिल्लाको महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुमा वडा, पालिका र नगर स्तरी समतिहरु गठन गर्न सुरु गरिसको उपाध्यक्ष स्वर्णकारले वताए।

## जुटमिलमा...

आवश्यक कार्यालय तथा व्यवस्थापकीय संरचना निर्माण गर्नुपर्ने उहाँको भनाइछ।

जुटमिलमा हाल पाँच जना कर्मचारी कार्यरत रहेको छ। उनीहरूले राज्यबाट नियमित तलब-सुविधा पाउन नसकेको र सञ्चालक समितिले न्यूनतम पारिश्रमिक दिएर काममा राखेको छ। झापा लिल्लाको दमकमा मिलको नाममा रहेको करिब ९ कट्ठा ७ धुर जग्गामा स्थानीयहरुले निर्माण गरिएका सटरबाट करिब ७० हजार रुपैयाँ मासिक मिलको आन्तरिक आम्दानी हुने गरेको छ।

जुटमिलका कर्मचारी मनोज खड्काका अनुसार करिब साढे दुई वर्षदेखि आफू जुटमिलमा कार्यरत छु। सरकारले आफ्नै स्वामित्वमा राखेर आधुनिक ढंगले जुटमिल सञ्चालन गरेमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १० हजारभन्दा बढीले रोजगारी पाउन सक्ने उहाँले दाबी छ।

खड्काका अनुसार मिलको भौतिक संरचना मर्मत तथा आवश्यक सुधारका लागि करिब ५० करोड रुपैयाँ खर्च लाग्न प्रारम्भिक अनुमान छ। पुराना मेसिन विस्थापन गरी आधुनिक प्रविधिका मेसिन जडान गर्न सके उत्पादन र आम्दानी बढाउन सकिने भन्दै विगतमा जुटमिलबाट दैनिक करिब ५० टनसम्म जुट उत्पादन हुने गरेको थियो।

अहिले जुटमिलको भौतिक संरचनासमेत जीर्ण बन्दै गएको छ। छाना तथा अन्य संरचनामा चुहावट देखिएको र लामो समयदेखि नियमित मर्मत हुन नसक्दा उद्योग सञ्चालनका लागि ठूलो लगानी आवश्यक पर्ने अवस्था देखिन्छ। नेपालमा जुट उत्पादनको सम्भावना रहेकाले मिल सञ्चालनसँगै मोरङ, सुनसरी र झापाका किसान लाई जुट खेतीका लागि प्रोत्साहन गर्न सके कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्न सकिने देखिन्छ।

तर, मिल सञ्चालन गर्नु अघि अतिक्रमित जग्गा फिर्ता, सम्पत्तिको संरक्षण, पुराना दायित्वको व्यवस्थापन, मेसिन तथा संरचनाको प्राविधिक परीक्षण, नियमित लेखापरीक्षण र स्पष्ट व्यवस्थापकीय योजना आवश्यक रहेको छ।

## तिब्बतबाट...

कार्यलाई तीव्र बनाएका छन्। सडक तथा पुलमा क्षति पुगेकाले धेरै प्रभावित क्षेत्रमा हेलिकोप्टरमार्फत उद्धार र राहत सामग्री पुऱ्याइएको छ।

सरकारले प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै तत्काल राहत, उपचार र पुनःस्थापनालाई प्राथमिकतामा राखेको जनाएको छ। गृह मन्त्रालयले क्षतिको विस्तृत विवरण संकलन भइरहेको र प्रभावित नागरिकलाई दीर्घकालीन रूपमा पुनःस्थापना गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

यसैबीच बाढीपछि नदीमा थुप्रिएको ढुंगा-माटोका कारण बनेका अवरोध तथा नयाँ जलाशय फुट्न सक्ने जोखिमसमेत देखिएको छ। त्यसैले भोटेकोशी तथा त्रिशूली नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ।

तिब्बततर्फबाट आएको आकस्मिक बाढीले रसुवालाई केन्द्रमा राख्दै नेपालको उत्तरी हिमाली क्षेत्रको जनजीवन, व्यापार, पर्यटन, यातायात तथा जलविद्युत् पूर्वाधारमा ठूलो धक्का दिएको छ। क्षतिको पूर्ण विवरण संकलन भएपछि विपद्को वास्तविक आर्थिक तथा मानवीय प्रभाव अझ स्पष्ट हुनेछ।

# चियाखेतीबाट स्वदेशमै मनगीय आम्दानी

पदम कुमार सरदार

विराटनगर। मोरङको केरावारी-२ सिंहदेवी जेफालेकी बिना कुमारी सुब्बाले चियाखेती गरेर स्वदेशमै मनगीय आम्दानी गर्दै आईरहनु भएको छ। स्वदेशमै उहाँको लागि चियाखेति मनगीय आम्दनीको राम्रो स्रोत बनेको छ। उहाँले गरेको चियादेखि देखेर स्थानीय सरकारले पनि महिलाहरुका लागि लगानी गर्नेभएका छन्।

मोरङको केरावारी-२ सिंहदेवी जेफालेकी बिना कुमारी सुब्बाले चियाखेति विगत २०५६ सालदेखि मातृभूमि टिस्टेट प्रा.लि. सञ्चालन गर्दै आइरहनु भएको छ। उहाँको श्रीमान् नारायण प्रसाद राईको २०७८ सालमा निधन भएपछि थप जिमेवारीका साथ चियाखेति गर्दै आउनुभएको छ।



उहाँले आफ्ना ३ वटा सनतानको लालन पालन र पढाईलेखाई, स्वास्थ्य उपचारको जिमेवारी झेल्दै चियाखेतिलाई निरनतरता दिइँदै आईरहन भएको छ। उहाँले ५ रोपनी जग्गामा चियाखेति गर्नुभएको छ। तर उहाँ जस्तो सहासी महिलाका लागि सरकारको उपस्थिति भने छैन्। उहाँ त एउटा प्रतिनिधि पात्र मात्र हुन्। उहाँ जस्ता सयौं महिलाहरु विभिन्न व्यवसायी गरेर जिविको पार्जन गर्दै आईरहनुभएको छ। तर राज्यको उपस्थित भने देखिदैन्। उहाँले सञ्चालन गर्दै आईरहनुभएको चियाखेति अन्य युवा र महिलाहरुका लागि पनि स्वदेश मै कमाउन सकिने प्रेरणा मिल्छ। कृषक बिनाले कृषिको क्षेत्रमा लगानी गर्न तिने तहको सरकारलाई आग्रहगर्नु भयो।

उहाँले त्यही चियाखेति गरेर वर्षको २५ देखि ३० लाख रुपैयाँ आमदानी गर्नुहुन्छ। उहाँले ८ जनालाई रोजगारी समेत दिनुभएको छ। त्यती मात्र होइन ८ जनाको परिवारको वर्षभरीको घरखर्च र स-साना बालबालिका हरुको शिक्षा, स्वास्थ्यलगायतको खर्च चियाखेतीले धानेको छ। मातृभूमि टिस्टेट प्रा.लि.मा बर्षोदेखि काम गर्दै आउनुभएकी सजिना सुब्बा भन्नु हुन्छ, स्वदेशमा नै युवाहरुका लागि चियादेखेति आम्दनीको राम्रो स्रोत बनेको छ, यसबाट जिविको पार्जन गर्न निकै सहज भएको उहाँको भनाई छ।

विदेश जाने युवाहरुलाई स्वदेशमा नै चियाखेतिलगायत अन्य कृषि क्षेत्रमा सरकारले लगानी गर्न उहाँले आग्रहगर्नुभयो। यता केरावारी गाउँपालिकाकी उपाध्यक्ष मनमाया मगरले युवाहरुका लागि ततकाल समयमा विऊ, मलखाद र सिँचाइको व्यवस्था गर्ने बताउनुभयो।

उपाध्यक्ष मगरले आउँदा दिनमा यस्ता महिला उद्यमीहरुलाई पालिकाको तर्फबाट लागनी समेत गर्न उहाँले प्रतिवद्धता जनाउनुभयो। केरावारीका युवा, एवं महिलाहरुले उत्पादन गरेको चियालगायत अन्य बस्तुहरुको बजारी करण गर्न समेत पहल गर्ने उहाँले प्रतिवद्धता व्यक्तगर्नुभयो। तर्स्थ मोरङको केरावारी-२ सिंहदेवी जेफालेका युवाहरु जस्तै अन्य पालिकाहरुले पनि युवाहरुलाई कृषि क्षेत्रमा अगाडी बढाउने खालको योजना ल्याउने हो की ?

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं ।।

## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारिरिक स्वास्थ्य जतिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा संम्वन्धित विशेषज्ञसँग खुलेर कुरा गरौ,
- परिवार, साथीभाई र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- प्रयाप्त निद्रा र सन्तुलित आहार मार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधीमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्य सम्वन्धि भ्रम र विभेदको अन्त गरौं,
- समस्या देखिएमा स्वास्थ्य संसथाबाट परामर्श सेवा लिऔं,
- आत्मिय संवाद आपसी सहयोग र साहनुभूति मार्फत स्वास्थय समाज निर्माण गरौ।

खुलेर कुरा गरौं : मानसिक स्वास्थ्यको संरक्षण गरौ

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# विस्थापितलाई सहयोग गरौं

प्राकृतिक विपत्तिले कुनै जात, धर्म, वर्ग वा भूगोल हेर्दैन । जब विपत्ति आउँछ, त्यसले क्षणभरमै मानिसको जीवन, घरपरिवार, सम्पत्ति र वर्षौंको मेहनतलाई प्रभावित बनाइदिन्छ । पछिल्लो समय रसुवा लगायतका विभिन्न क्षेत्रमा आएको बाढी तथा पहिरोले पुर्‍याएको जनधनको क्षतिले मुलुकलाई गम्भीर पीडामा पारेको छ । विपत्तिमा परेका नागरिकका लागि यो केवल घरबार गुमाउने अवस्था होइन, आफन्त गुमाउनुको पीडा, सुरक्षित भविष्यको चिन्ता र आधारभूत आवश्यकता पूरा गर्नुपर्ने कठिन घडी पनि हो । यस्तो संवेदनशील समयमा पीडित परिवारलाई सहानुभूति मात्र होइन, व्यावहारिक सहयोग र राज्यको प्रभावकारी उपस्थिति आवश्यक हुन्छ ।

विपत्तिको समयमा खानेकुरा, स्वच्छ पानी, लत्ताकपडा, औषधि, अस्थायी आवास र उद्धार सामग्रीको तत्काल आवश्यकता पर्छ । त्यसैले सरकार, स्थानीय तह, राजनीतिक दल, सामाजिक संघ-संस्था, निजी क्षेत्र, सञ्चारमाध्यम र आम नागरिक सबैले आ-आफ्नो क्षमताअनुसार सहयोगको हात बढाउनुपर्छ । नेपाल प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको देश हो । भौगोलिक बनोट, कमजोर सडक पूर्वाधार, अव्यवस्थित बस्ती विस्तार र वातावरणीय असन्तुलनका कारण बाढी तथा पहिरोको जोखिम अझ बढिरहेको छ । त्यसैले विपत्ति आएपछि उद्धार र राहतमा मात्र केन्द्रित हुने होइन, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण र दीर्घकालीन पुनर्निर्माणलाई पनि प्राथमिकता दिन आवश्यक छ ।

सरकारले पनि पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै क्षतिको यथार्थ विवरण संकलन गरी पुनर्स्थापना र पुनर्निर्माणको ठोस योजना बनाउनुपर्छ । विस्थापित परिवारलाई सुरक्षित स्थानमा व्यवस्थापन, बालबालिका तथा ज्येष्ठ नागरिकको विशेष संरक्षण र प्रभावित क्षेत्रमा स्वास्थ्य तथा सरसफाइको उचित प्रबन्ध गर्न आवश्यक छ । रसुवा लगायत बाढी तथा पहिरो प्रभावित क्षेत्रमा रहेका नागरिक अहिले हाम्रो सहयोग र ऐक्यबद्धताको प्रतीक्षामा छन् । विपत्तिको घडीमा एकअर्काको साथ दिनु नै मानवीयताको सबैभन्दा ठूलो परिचय हो ।

# बसाईं सराईले हराउँदै परम्परागत कृषि ज्ञान

**शोभा कुमारी पौडेल**

तीन दशकपछि पुन: आफ्नै खेतबारीमा काम गर्न पस्दा बाल्यकालका अनेकौं सम्झनाहरू ताजा भए । माटो उही थियो, खेत उही थियो, खेतीप्रतिको आत्मीयता पनि उस्तै थियो, तर खेती गर्ने परिस्थिति भने पूर्ण रूपमा बदलिएको रहेछ । पहिले सहज लाग्ने कृषि कर्म आज अत्यन्त कठिन, खर्चिलो र श्रमसाध्य बनेको छ ।

आज नेपालको ग्रामीण क्षेत्रको सबैभन्दा ठूलो समस्या कृषि श्रमिकको अभाव हो । गाउँका अधिकांश युवा रोजगारी, शिक्षा र उज्ज्वल भविष्यको खोजीमा सहर तथा वैदेशिक रोजगारीतर्फ पलायन भएका छन् ।

एक समय गाउँमा प्रचलित अर्म-पर्म (आलोपालो श्रम आदान-प्रदान) को संस्कृति विस्तारै हराउँदै गएको छ ।

एकअर्काको खेतमा मिलेर काम गर्ने सामाजिक परम्परा कमजोर बन्दै जाँदा खेतीपाती सञ्चालन गर्न किसानलाई निकै कठिन भएको छ ।

आज गाउँमा सीमित जनशक्ति मात्र बाँकी छ। ज्येष्ठ नागरिक, महिला तथा केही किसानले मात्र कृषि पेसा धानिरहेका छन् । समयमा जोताइ, रोपाइँ, गोडमेल र कटानी गर्न आवश्यक श्रमिक नपाउँदा धेरै उब्जाउ जमिन बाँझै रहन थालेका छन् ।

किसानमा खेती गर्ने इच्छा हुँदाहुँदै पनि श्रमशक्ति अभावले कृषि उत्पादन घट्दै गएको छ ।

खेती गर्न सक्ने किसानले पनि अहिले धान, मकै वा गहुँजस्ता बढी श्रम लाग्ने बालीभन्दा यसैगरी बाँझो राख्नुभन्दा केरा, कागती, सुन्तला तथा अन्य बहुवर्षीय र तुलनात्मक रूपमा कम श्रम लाग्ने बालीतर्फ आकर्षित भइरहेका छन् ।

यो कृषि प्रणालीमा आएको परिवर्तन मात्र होइन, ग्रामीण समाजमा देखिएको संरचनात्मक रूपान्तरणको संकेत पनि हो ।

यससँगै कृषि उत्पादनको लागत पनि उल्लेख्य रूपमा बढेको छ। मजदुरी, मल, बीउ, विषादी, सिँचाइ, ढुवानी तथा कृषि उपकरणको खर्च दिनप्रतिदिन महँगो बन्दै गएको छ ।

पहिले परिवार र छिमेकीको सहयोगमा सहजै सम्पन्न हुने काम अहिले ज्याला तिरेर श्रमिक खोज्नुपर्ने अवस्था आएको छ ।

श्रमिक पाइहाले पनि समयमा नपाइने समस्या उत्तिकै ठूलो छ। यसले उत्पादनको लागत मात्र बढाएको छैन, किसानको मानसिक तनावसमेत बढाएको छ ।

त्यसमाथि बाँदर तथा अन्य वन्यजन्तुबाट बाली जोगाउनु किसानका लागि अर्को ठूलो चुनौती बनेको छ ।

महिनौँको मेहनत केही घण्टामै नष्ट हुने अवस्था किसानले दैनिक भोगिरहेका छन् । कतिपय ठाउँमा वन्यजन्तुको डरले किसानले खेती गर्नै छाडेका छन् । उत्पादनको जोखिम बढ्दै जाने तर त्यसअनुसार आम्दानी सुनिश्चित नहुने भएपछि कृषि पेसाप्रति किसानको उत्साह घट्नु स्वाभाविक पनि हो ।

यी सबै समस्या वैदेशिक रोजगारी र बसाइँसराइका सामाजिक लागतका प्रत्यक्ष उदाहरण हुन् ।

वैदेशिक रोजगारीले विप्रेषण मार्फत परिवारको आय बढाएको छ, गरिबी न्यूनीकरणमा योगदान दिएको छ र जीवनस्तर सुधार्न सहयोग गरेको छ ।

घर निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य उपचार तथा दैनिक जीवनका आवश्यकताहरू पूरा गर्न विप्रेषणले महत्वपूर्ण भूमिका खेलेको छ । तर यसको अर्को पाटो पनि उत्तिकै गम्भीर छ ।

युवाशक्ति गाउँबाट बाहिरिँदा कृषि उत्पादन घटेको छ, खेतीयोग्य जमिन बाँझो हुँदै गएको छ, परम्परागत कृषि ज्ञान हराउँदै गएको छ, सामाजिक सहकार्य कमजोर बनेको छ र खाद्यान्नमा देशको आयात निर्भरता बढ्दै गएको छ ।

गाउँबाट युवा बाहिरिँदा खेतमा काम गर्ने हात मात्र घटेका छैनन्, नयाँ सोच, ऊर्जा र नेतृत्व पनि गाउँबाट बाहिरिएको छ । यसले ग्रामीण समाजको जनसांख्यिक संरचनामै परिवर्तन ल्याइरहेको छ ।

गाउँमा पैसा त भित्रिएको छ, तर श्रम र उत्पादनको आधार भने कमजोर बन्दै गएको छ । विदेशमा रहेका परिवारका सदस्यले पठाएको विप्रेषणले घरखर्च धान्न सहज भए पनि त्यसले गाउँमै बसेर उत्पादन गर्ने र कृषि पेसामा जोडिने प्रवृत्ति घटाएको देखिन्छ ।

कतिपय परिवारमा विप्रेषणको रकम उत्पादनमूलक क्षेत्रमा लगानी हुनुभन्दा घर निर्माण, उपभोग तथा अन्य तत्कालीन आवश्यकतामा बढी खर्च हुने गरेको पाइन्छ ।

यसले ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन उत्पादनको आधार निर्माण गर्न चुनौती थपेको छ ।

ग्रामीण समाजमा वृद्धवृद्धा एक्लिँदै गएका छन्, विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ, स्थानीय संस्कृति र सामुदायिक जीवन कमजोर बन्दै गएको छ ।

पहिले खेतीपातीसँगै जोडिएका धेरै सामाजिक गतिविधि अहिले हराउँदै गएका छन् ।

अर्म-पर्म, मेलापात, सामूहिक श्रम र चाडपर्वमा हुने सामुदायिक सहभागिताले गाउँको सामाजिक सम्बन्ध बलियो बनाउँथ्यो ।

युवा पुस्ताको निरन्तर पलायनसँगै यस्ता परम्परा कमजोर हुँदै जानु बसाइँसराइको आर्थिकभन्दा बाहिरको सामाजिक लागत पनि हो ।

कृषि पेसाप्रति नयाँ पुस्ताको आकर्षणसमेत घट्दै जानु चिन्ताको विषय हो । खेतीलाई कठिन, कम आम्दानी हुने र अनिश्चित पेसाका रूपमा हेर्ने प्रवृत्ति बढेको छ ।

अर्कोतर्फ, वैदेशिक रोजगारी लाई छिटो आम्दानी गर्ने माध्यम का रूपमा हेर्ने सामाजिक सोच बलियो बन्दै गएको छ । यसले कृषि पेसालाई पुस्तान्तरण गर्न झन् कठिन बनाइरहेको छ । कृषि ज्ञान र सीप एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण नहुँदा भविष्यमा यसको असर अझ गम्भीर हुन सक्छ ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्र अझै पनि खाद्य सुरक्षा, रोजगारी र ग्रामीण विकासको प्रमुख आधार हो ।

तर कृषि क्षेत्रमा श्रमिक अभाव, उत्पादन लागत वृद्धि, बजार व्यवस्थापनको कमजोरी, वन्यजन्तुबाट हुने क्षति तथा आधुनिक प्रविधिको सीमित प्रयोगका कारण किसान निरुत्साहित भइरहेका छन् ।

उत्पादन गरेपछि उचित मूल्य नपाउने, बजारसम्म पुर्‍याउन कठिन हुने र बिचौलियाको प्रभाव रहने समस्याले पनि किसानलाई थप निराश बनाएको छ ।

यस चुनौतीको समाधानका लागि सरकारले कृषि यान्त्रीकरण, आधुनिक प्रविधिको विस्तार, सिँचाइ सुविधा, कृषि बीमा, सहज बजार पहुँच, युवा लक्षित कृषि उद्यम, मूल्य सुनिश्चितता तथा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्ने प्रभावकारी नीति अवलम्बन गर्न आवश्यक छ ।

साना किसानका लागि सहुलियतपूर्ण ऋण, कृषि उपकरणमा पहुँच र स्थानीय तहमा प्राविधिक सहयोग पनि उत्तिकै आवश्यक छ ।

खेतीलाई केवल जीविको-पार्जनको माध्यमका रूपमा होइन, सम्मानजनक र आम्दानी मूलक व्यवसायका रूपमा विकास गर्न सके मात्र नयाँ पुस्तालाई कृषितर्फ

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# सुनसरी घटनाले मदरसा चर्चामा

सुनसरीको हिंसापछि कप्तानगञ्जको दरुल उलूम अल-सुफ्फा मदरसाले हालै सार्वजनिक ध्यान आकर्षित गरेको छ, जसले धार्मिक शिक्षामा मदरसाको भूमिका, तिनका वित्तीय स्रोतहरू र औपचारिक नियामक प्रणाली बाहिर सञ्चालन हुने संस्थाहरूको कडा निगरानी आवश्यकताबारे पुन: बहस सुरु गराएको छ। यो बहस पारदर्शिता, प्रशासनिक निगरानी, र दान-पुनीतिका नाममा हुने सम्भावित दुरुपयोगबारे क्षेत्रीय चिन्तासँग पनि जोडिएको छ।

**मदरसा के हो ?**

मदरसा एक शैक्षिक संस्था हो। अरबी भाषामा यो शब्दले कुनै पनि विद्यालय जनाउन सक्छ तर दक्षिण एसियाली प्रयोगमा प्राय : धार्मिक विद्यालयलाई जनाउँछ, विशेषगरी इस्लामिक विषयहरू पढाउने संस्थालाई परम्परागत रूपमा मदरसाहरूमा कुरआन, हदीस, इस्लामी फिक्ह, धर्मशास्त्र र सम्बन्धित विषयहरू पढाइन्छ; केहीमा तिनीहरूको संरचना र पाठ्यक्रमअनुसार आधुनिक विषयहरू पनि समावेश गरिन्छ।

**मदरसाका प्रकार**

मदरसाहरूलाई विभिन्न आधारमा वर्गीकृत गर्न सकिन्छ। केही परम्परागत धार्मिक मदरसाहरू इस्लामी विद्वतामा केन्द्रित हुन्छन्, भने केहीले धार्मिक शिक्षा र सामान्य शिक्षालाई एकसाथ समेट्छन्। तिनलाई तहअनुसार पनि वर्गीकृत गर्न सकिन्छ, जस्तै प्रारम्भिक धार्मिक विद्यालय, उच्चस्तरीय सेमिनरी, वा कुनै विशेष सुधारवादी आन्दोलन र शिक्षण परम्परासँग जोडिएका संस्थाहरु हुन्।

**दरुल उलूम र अल-सुफ्फा**

“दरुल उलूम” को शाब्दिक अर्थ “ज्ञानको घर” हो, र यो प्राय: उच्चस्तरीय इस्लामी सेमिनरी वा अध्ययन केन्द्रलाई जनाउन प्रयोग गरिन्छ। “अल-सुफ्फा” प्रारम्भिक इस्लामिक इतिहासमा प्रयोग हुने शब्द हो, जसले मदिनामा पैगम्बर मस्जिद नजिक बस्थे र अध्ययन गर्थे भन्ने गरिब तर समर्पित सहाबाहरूको एउटा समूहसँग सम्बन्धित छ। यी दुई शब्द मिलेर बनेको नामले धार्मिक अध्ययन र समर्पणमा आधारित संस्थाको संकेत गर्छ।

**देवबन्दी शिक्षण परम्परा**

देवबन्दी आन्दोलन १९ औं शताब्दीको भारतमा दरुल उलूम देवबन्द वरिपरि सुरु भएको सुन्नी पुनर्जागरणवादी परम्परा हो, जुन हनाफी फिक्हमा आधारित छ। यो मुख्यत : दक्षिण एसियासँग जोडिन्छ, विशेषगरी भारत, पाकिस्तान, बंगलादेश, र अफगानिस्तानसँग, र पछि बेलायत, दक्षिण अफ्रिका, तथा अन्य मुस्लिम प्रवासी समुदायहरूमा पनि फैलिएको छ। अफगानिस्तानमा देवबन्दी विचारधाराको प्रभाव मदरसा र धार्मिक सञ्जालसँग सम्बन्धित रूपमा प्राय : उल्लेख गरिन्छ, यद्यपि प्रत्येक संस्थाको दृष्टिकोण फरक हुन सक्छ।

**कप्तानगञ्जमा ध्यान केन्द्रित**

कप्तानगञ्जको मदरसाप्रति सार्वजनिक ध्यान बढ्नुको एउटा कारण स्थानीय प्रशासन को सीमित निगरानीमा सञ्चालन हुने धार्मिक संस्थाहरूसँग जोडिएका चिन्ताहरू हुन सक्छन्। यस्ता अवस्थामा संस्थाको व्यवस्थापन कसले गर्छ, चन्दा-दान कसरी सङ्कलन गरिन्छ, र विद्यालय केवल शिक्षाका लागि मात्र प्रयोग भइरहेको छ कि अन्य प्रयोजनका लागि पनि भन्ने प्रश्नहरू उठ्न सक्छन्।

**दारुल उलूम अल-सुफ्फा**

६ फेब्रुअरी २०२६ मा सुनसरी जिल्लाको कप्तानगञ्जमा रहेको मस्जिद अल सुफ्फा तथा बालिका शिक्षाको उद्घाटन नेपालका दरुल उलूम अल सुफ्फाका अध्यक्षद्वारा गरिएको थियो। उक्त भवनको निर्माण नेपालको अल-सुफ्फाह शैक्षिक तथा कल्याणकारी समाजका अध्यक्ष मौलाना अबुल हसन नदवीको निगरानीमा सम्पन्न भएको थियो। स्रोतअनुसार, दरुल उलूम अल-सुफ्फाको निर्माणका लागि टर्की र दक्षिण अफ्रिकामा आधारित एक गैरसरकारी संस्थाबाट १ करोड ८७ लाख रुपैयाँ बराबरको विदेशी सहयोग उपलब्ध गराइएको थियो। यो मदरसा सरकारी जमिनमा बनेको हो, त्यसैले उक्त मदरसाको दर्ता तथा भवनका ब्लूप्रिन्टहरू स्थानीय र प्रशासनिक निकायसँग उपलब्ध छैनन्।

**स्थानीय अधिकारीहरूले मदरसाको कानुनी हैसियत बारे विवरण माग्दै**

सुनसरीको देवानगञ्ज गाउँपालिकासँग सम्बन्धित दुईवटा आधिकारिक पत्रहरू दरुल उलूम अल-सुफ्फा मदरसा सम्बन्धी छन्। पहिलो पत्रमा विद्यार्थी, शिक्षक, भौतिक पूर्वाधार, वित्तीय विवरण, पाठ्यक्रम, शैक्षिक सामग्री, जग्गा तथा भवन स्वामित्वसम्बन्धी विवरण र प्रमाणित कागजात माग गरिएको छ।

दोस्रो पत्रमा गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयसँग उक्त मदरसासम्बन्धी कुनै अभिलेख उपलब्ध नरहेको उल्लेख गरिएको छ। यी कागजातहरूले मदरसाको आधिकारिक अभिलेख, दर्ता, वित्तीय पारदर्शिता र प्रशासनिक निगरानीमा कमी रहेको संकेत गर्छन्।

स्थानीय निगरानीको भूमिका

स्थानीय सरकार र प्रशासनिक निकायहरूको महत्वपूर्ण भूमिका हुन्छ—संस्थाको दर्ता, जमिन तथा सम्पत्ति अभिलेखको जाँच, वित्तीय पारदर्शिताको समीक्षा, र शिक्षा तथा दानसम्बन्धी नियमहरूको पालना सुनिश्चित गर्ने विशेषगरी घरेलु वा विदेशी स्रोतबाट दान प्राप्त गर्ने संस्थाहरूमा निगरानी अझ महत्वपूर्ण हुन्छ, किनकि स्पष्ट लेखापरीक्षण बिना आउने रकमले कानुनी, वित्तीय, र सुरक्षा सम्बन्धी जोखिम निम्त्याउन सक्छ। सार्वजनिक निकायहरूले नियमित विवरण र निरीक्षणको व्यवस्था गरेर वैध धार्मिक शिक्षालाई अनधिकृत गतिविधिबाट छुट्याउन पनि मद्दत गर्न सक्छन्।

**हालसम्म स्थापित भएको कुरा**

कप्तानगञ्जमा तत्कालीन विवाद हिन्दू र मुस्लिम समुदायबीचको धार्मिक तनावसँग सम्बन्धित थियो। यो तनाव कथित रूपमा धार्मिक जुलुसका क्रममा लाउडस्पीकर/धार्मिक सङ्गीतको प्रयोग र धार्मिक झण्डा प्रदर्शनका कारण बढ्दै गएको थियो। त्यसपछि स्थिति हिंसात्मक बनेको बताइएको छ। यस हिंसामा एक जनाको मृत्यु भएको र धेरै जना घाइते भएको, त्यसपछि सुरक्षा प्रतिबन्ध/कर्फ्यु लगाइएको तथा शान्ति बहाल गर्न राजनीतिक र प्रशासनिक प्रयास गरिएको उल्लेख छ।

कप्तानगञ्ज घटनासम्बन्धी एक फिल्ड-स्टडी प्रतिवेदन नेपाल सरकारको गृह मन्त्रालयमा बुझाइएको पनि बताइएको छ। उक्त प्रतिवेदनले सुरक्षा कमजोरी र समुदायगत तनावका आधारभूत कारणबारे प्रश्न उठाएको भनिए पनि, सम्बन्धित सांसदले अझै थप काम आवश्यक रहेको र सबै विवरण औपचारिक रूपमा पुष्टि नगरेको बताइएको छ।

**किन निगरानी आवश्यक छ**

धार्मिक विद्यालयहरूले शिक्षा र सामुदायिक हितमा योगदान गर्दा सम्मान पाउनुपर्छ, तर जब तिनीहरूले पैसा, सम्पत्ति, वा युवामाथि प्रभाव राख्छन्, तब निगरानी पनि आवश्यक हुन्छ। यसको उद्देश्य धार्मिक संस्थालाई बदनाम गर्नु होइन; बरु अनियन्त्रित चन्दा सङ्कलन, वित्तीय दुरुपयोग, र दान वा शिक्षाको आवरणमा हुने सम्भावित उग्रवादी वा विघटनकारी गतिविधि रोक्नु हो। पारदर्शी अभिलेख, कानुनी दर्ता, र नियमित सुपरिवेक्षण नै संस्था र जनहित दुवैको लागि आवश्यक रहेको छ।

# रास्वपा सभापतिसँग भेटघाट तथा छलफल



विराटनगर। नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा मोरङ उद्योग व्यापार संघका निवर्तमान अध्यक्ष नवीन रिजालले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति माननीय रवि लामिछानेसँग शिष्टाचार भेटघाट गरी रसुवाको प्राकृतिक विपत्ति तथा निजी क्षेत्रका समसामयिक विषयहरुका बारेमा बिहीबार छलफल गरेका थिए।

भेटघाटका क्रममा महासंघका केन्द्रीय सदस्य रिजालले भोटेकोशी नदीमा आएको भीषण विनाशकारी बाढीले रसुवाको टिमुरे, स्याफ्रुबेंसी र मितेरी पुल आसपासका बजार, जलविद्युत् आयोजनाहरु तथा भौतिक संरचनामा हुनगएको व्यापक जनधनको क्षति प्रति गहिरो दु:खव्यक्त गर्दै सो विपत्तिबाट प्रभावित नागरिकहरुको उद्धार, राहत तथा क्षति व्यवस्थापनमा निजी क्षेत्र हरसम्भव सहयोग गर्न प्रतिबद्ध रहेको जनाएका थिए।

सोही अवसरमा केन्द्रीय सदस्य रिजालले मन्दी, उच्च उत्पादन लागत र नीतिगत जटिलताका कारण धराशायी बनेको निजी क्षेत्रको संरक्षणका लागि रास्वपा सभापति लामिछानेलाई ध्यानाकर्षण पत्र समेत हस्तान्तरण गरेका थिए। पत्रमार्फत रिजालले उद्योगी-व्यवसायीहरुको उधारो कारोबारलाई कानूनी संरक्षण दिन तत्काल ‘उधारो कानून’ ल्याउनु पर्ने र भन्सार, राजस्व तथा नापतौल जस्ता सरकारी निकायहरुबाट सामान्य त्रुटिमा पनि गरिने प्रशासनिक आतंक एवम् अस्वाभाविक जरिवानाहरु लाई तत्काल रोक्नुपर्ने माग गरेका थिए।

साथै, ढुवानी लागत घटाउन सडकको क्षमता वृद्धि (१०० टन) गरिनु पर्ने, प्लास्टिक उद्योगका मेसिनरी र स्वदेशी उत्पादनमा लाग्ने अन्त:शुल्क खारेज हुनुपर्ने र बैंक ब्याजदर स्थायित्वका लागि कर्जा प्रक्रिया सहजीकरण गर्न उनले आग्रह गरेका थिए।

त्यसैगरी, उद्योगहरुमा ट्रिपिङ र लोडसेडिङको अन्त्य गर्दै गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्न, दोहोरो कर प्रणाली सरलीकरण गर्न र आन्तरिक खपत बढाउन विकास निर्माणका कामहरुलाई तीव्रता दिन माग गर्दै रिजालले मौलिक उत्पादन, खनिज र विद्युतको निर्यात नीतिलाई सुचारु गर्दै समग्र निजी क्षेत्रको मनोबल उच्चबनाउन संसदीयएवम् राजनीतिक तहबाट अविलम्ब पहल गर्न अनुरोध गरेका थिए।

छलफलका क्रममा रास्वपा सभापति माननीय रवि लामिछानेले विनाशकारी बाढीबाट क्षति भएका जिल्लाहरु मा उद्दार तथा राहत व्यवस्थापन का कार्यहरुलाई सरकारले तिव्रताका साथ अघि बढाइएको जानकारी गराउनु भएको थियो। साथै उहाँले रिजालले संघको अध्यक्ष हुँदै उठाएका सुझावहरु, उधारो कानूनको व्यवस्थाप्रति सरकार सकारात्मक रहेको र छिटै त्यो कानुन ल्याइने, एक करोड पर्यटन भित्र्याउने लक्ष्य अनुरुप सरकारले कार्य गर्ने र मोरङ-सुनसरी आर्थिक कोरिडोर मा औद्योगिक पूर्वाधारहरु पनि बढाइने आश्वासन दिनु भएको थियो।




खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं भ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# धनपालथानका बर्थिङ सेन्टर सुरक्षित मातृत्वको प्रथम बिसौनी

**निशा दाहाल**

विराटनगर । नेपालको संविधान-२०७२ को अनुसूची-९ मा स्वास्थ्यलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषय भनेर उल्लेख गरिएको छ । संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा स्वीकार गर्दै धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने' उल्लेख छ । त्यस्तै, संविधानको अनुसूची-८ मा आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको एकल अधिकारको विषय रहेको प्रष्ट पारिएको छ ।




संविधानले कल्पना गरे बमोजिम आधारभूत स्वास्थ्य सुविधा अन्तर्गत धनपालथान गाउँपालिकाले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको क्षेत्रमा खेलेको भूमिका प्रशंसनीय र लोभलाग्दो देखिएको छ । पालिकाले हाल सञ्चालन गरिरहेको दुई बर्थिङ सेन्टरमार्फत सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य क्षेत्रमा प्रेरणादायी भूमिका खेल्दै सयौं महिलाहरूको जीवनमा सकारात्मक प्रभाव परिरहेको छ । पालिकाका दुई बर्थिङ सेन्टर सुरक्षित मातृत्वको प्रथम बिसौनीको रूपमा स्थापित भएका छन् ।

धनपालथान गाउँपालिकाले पालिकास्थित वडा नं ४ मा रहेको कर्सिया बजार स्वास्थ्य चौकीको बर्थिङ सेन्टर र वडा नं ६ स्थित दादरबेरिया स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमार्फत सेवा प्रदान गर्दै आएको छ । अधिकांश न्यून आर्थिक अवस्था भएका नागरिकहरूको बसोबास रहेको पालिकामा बर्थिङ सेन्टरले स्वास्थ्यको पहुँचलाई महिलाहरूको घर-आँगनसम्ममा ल्याइपुर्याएको छ ।

**बर्थिङ सेन्टरको वर्तमान अवस्था**

पालिकाको स्वास्थ्य शाखा प्रमुख ऋृषिराज सेठ कर्सिया बर्थिङ सेन्टर ५-७ वर्ष यता सञ्चालनमा आएको र दादरबेरिया बर्थिङ सेन्टरबाट भने झन्डै डेढ दशकयता सेवाप्रवाह गरिरहेको बताउनु हुन्छ । 'दादरबेरियास्थित स्वास्थ्य चौकीमा स्थापित बर्थिङ सेन्टर सुचारु भएको १६ वर्ष जति भएको छ भने, कर्सिया बजारको बर्थिङ सेन्टर संचालनमा आएको भने ५-७ वर्ष पुगेको छ' उहाँले भन्नुभयो ,' पालिकाका ७ वटै वडाका सेवाग्राहीहरूले गर्भवस्था र डेलिभरीको समयमा भने यिनै दुई स्थानबाट सेवा लिने गर्नु हुन्छ ।'

दादरबेरिया स्वास्थ्य चौकीका प्रमुख जनस्वास्थ्य अधिकृत डिल्लीराम श्रेष्ठले बर्थिङ सेन्टरमा हाल ६ जना कर्मचारीले महिनामा झन्डै १५ जना गर्भवती महिलाहरूलाई सुविधा दिइरहेको जानकारी दिनु भयो । श्रेष्ठले बर्थिङ सेन्टरमा गाउँपालिकाका मात्रै नभएर नजिकका रंगेली नगरपालिका, जहदा गाउँपालिका का सेवाग्राही समेत सेवा प्राप्त गर्न आउने बताउनु भयो । त्यस्तै, कर्सिया बर्थिङ सेन्टरका जनस्वास्थ्य अधिकृत रामप्रसाद उप्रेतीले १० जना कर्मचारी रहेको उक्त बर्थिङ सेन्टरमा प्रत्येक महिना झन्डै १६ जना गर्भवती महिलाहरूलाई सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो । दुवै बर्थिङ सेन्टरमा क्रमशः दुई नर्मल बेड र एउटा डेलिभरी बेडमार्फत सेवाप्रदान हुँदै आएको छ ।

पालिकाका स्वास्थ्य शाखा प्रमुख सेठले पालिकाले बर्थिङ सेन्टरमा डेलिभरी गराउन गर्भवती महिलाहरूलाई प्रोत्साहन गर्न नियमित यातायात खर्चको अतिरिक्त सुविधा समेत उपलब्ध गराउँदै आएको बताउनु भयो। उहाँले प्रत्येक डेलिभरीमा नियमित १ हजार यातायात शुल्क र गर्भावस्थाको बेला ८ पटक बर्थिङ सेन्टरमा आएर स्वास्थ्य जाँच गराएको छ भने ८ सय र पालिकाको तर्फबाट छोरा जन्मिएको हकमा १ हजार र छोरी जन्मिएको अवस्थामा ५ हजार उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

पालिकाबाहिरका सेवाग्राही लाई भने यातायात खर्च र ८ पटक स्वास्थ्य जाँच गरिएको छ भने उक्त खर्च रहेको तर पालिकाले उपलब्ध गराउँदै आएको भत्ताको भने व्यवस्था छैन ।

'पालिकाले घरमा शिशु जन्माउनु भन्दा बर्थिङ सेन्टरमा जन्माउन प्रोत्साहन मिलोस् भनेर उक्त नीति अवलम्बन गरेको हो' , सेठले भन्नुभयो, ' त्यस निर्णयको सकारात्मक परिणाममा आमा र शिशु दुवैलाई भविष्यमा स्वास्थ्य सम्बन्धी कठिनाई नहोस् भनेर हो ।'

**बर्थिङ सेन्टरको सीमितता र घट्दो सेवाग्राही**

पालिकामा संचालनमा रहेको दुई बर्थिङ सेन्टरमा पछिल्लो समय सेवाग्राहीहरूको संख्या घटिरहेको देखिन्छ । कुनै समय महिनामा २५ जना सम्मको डेलिभरी गराउने कर्सिया बर्थिङ सेन्टरमा पछिल्लो समय सेवाग्राहीको संख्या आधाले घटिरहेको सेन्टर प्रमुख उप्रेती बताउनु हुन्छ । उता, दादरबेरियाको सेन्टरमा समेत सेवाग्राहीको संख्यामा कमी आएको सेन्टर प्रमुख श्रेष्ठ स्वीकार्नु हुन्छ ।

स्वास्थ्य शाखा प्रमुख सेठ भने बर्थिङ सेन्टरमा सेवाग्राही गर्भवती महिलाहरूको संख्या घट्नुलाई सकारात्मक ढंगले लिनुपर्ने बताउनु हुन्छ । 'बर्थिङ सेन्टरमा सामान्य अवस्थाको गर्भवतीहरूले सुविधा प्राप्त गर्ने हो, जटिल अवस्थामा हामी आफै सेवाग्राहीलाई थप सुविधा उपलब्ध हुने स्थानमा लैजान सल्लाह दिन्छौं, उहाँले भन्नुभयो, 'अहिले पालिकाले गर्भवती महिलाहरू निःशुल्क एम्बुलेन्सको सुविधा समेत उपलब्ध गराएकोले परिवारजनले समेत सुविधाजनक स्थानमा लैजान खोज्ने भएकोले सेवाग्राहीको संख्या घट्ने गरेको छ । '

'कुनै समय सामान्य अथवा जोखिमपूर्ण अवस्थामा समेत घरमै जन्माउने प्रचलन रहेको स्थानमा अब परिवारजनले बर्थिङ सेन्टरदेखि लिएर अस्पताल लैजाने प्रचलन सुरु हुनुलाई बर्थिङ सेन्टरकै सफलताको रूपमा ग्रहण गर्नु पर्ने देखिन्छ', सेठले बताउनु भयो,'बर्थिङ सेन्टरमा डेलिभरी गराउनेको संख्या घटेपनि स्वास्थ्य सल्लाह लिन आउने गर्भवतीको संख्या भने उत्तिकै रहने गरेको छ ।

**छिमेकका पालिकाका लागि समेत उपयोगी**

धनपालथानमा रहेको बर्थिङ सेन्टरमा सोही पालिकाको मात्रै नभएर अन्य पालिकाका महिलाहरूपनि सेवा लिन आउने गरेको छन् । डेलिभरीको केसमा प्राथिमिकता भन्ने नै नहुने भएकोले आवश्यकताको आधारमा सेवा उपलब्ध गराउने गरिएको सेठ बताउनु हुन्छ । उहाँले बर्थिङ सेन्टरमा एउटा डेलिभरी गराउने बेड र सीमित अन्य बिरामीलाई राख्न मिल्ने किसिमको बेड रहेकोले आवश्यकताको आधारमा स्वास्थ्यकर्मीले सेवा दिने गरेको प्रष्ट पार्नु भयो ।

कर्सिया बर्थिङ सेन्टरका प्रमुख रामप्रसाद उप्रेती बर्थिङ सेन्टरमा पहिला पहिला भित्र र बाहिरका सेवाग्राहीको संख्या उस्तै अनुपातमा रहेपनि वर्तमानमा अन्य पालिकाको संख्यामा अलि वृद्धि भएको हो कि जस्तो देखिन थालेको बताउनु हुन्छ । उहाँले धनपालथान गाउँपालिकाले गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्सको सुविधा दिएकोले पालिकाका धैरैले भने विराटनगरतिर लैजाने गरेको बताउनुभयो ।

दादरबेरिया बर्थिङ सेन्टरका प्रमुख डिल्लीराम श्रेष्ठले भने बर्थिङ सेन्टरप्रति अविश्वास नभएर यातायातको पहुँच र सुविधाको कारण सेवाग्राहीहरूको संख्या घटेको स्वीकार्नु हुन्छ । 'हामीले जहिले डेलिभेरी गराउने भनेकै सामान्य अवस्थाको गर्भवतीको मात्रै हो', उहाँले जानकारी दिनुभयो, 'सेन्टरमा विश्व स्वास्थ्य संगठनद्वारा निर्मित प्याट्रोग्राफले निधारण गरेको मापदण्डको आधारमा निरीक्षण र सुपरीवेक्षण हुने भएकोले बर्थिङ सेन्टरलाई अविश्वास गर्नुपर्ने कारण छैन ।'

**निःशुल्क औषधी र परामर्श**

पालिकाका स्वास्थ्य शाखा प्रमुख सेठले बर्थिङ सेन्टरमा डेलिभरी मात्रै नभएर गर्भावस्थामा आवश्यक आइरन चक्की, क्याल्सियमको चक्की समेत निःशुल्क उपलब्ध हुने जानकारी दिनुभयो । थप, सन्तान प्राप्तिको योजना निर्माण गरिरहेको नवदम्पत्तिलाई सेन्टरले निःशुल्क फोलिक चक्की र आवश्यक परामर्श समेत प्रदान गरिरहेको बताउनु भयो।

बर्थिङ सेन्टरमा हुने डेलिभरी पश्च्यात् आवश्यक पर्ने औषधी र आमा र शिशुलाई न्यानो झोला समेत उपलब्ध गराउने गरिएको सेठले जानकारी दिनुभयो । सीमित स्रोत र विकासको दृष्टिले पछि पारिएको पालिकामा स्थानीय तहको निर्वाचन पछि भने शिक्षा, स्वास्थ्यलगायतको क्षेत्रमा पालिकाले गरेको लगानीको प्रतिफल देखिन थालेको छ ।

**नेपालमा बर्थिङ सेन्टरको इतिहास**

वांकी अन्तिम पेजमा...

# पारिवारिक तनावका कारण आत्म हत्या बढ्दै

विराटनर । बेरोजगारी, आर्थिक संकट, घरायसी तथा पारिवारिक तनावल गायतका कारण आत्महत्याका घटना मोरङमा पढेको छ ।

मोरङमा गत वर्षको तुलनामा चालु वर्ष आत्महत्या गर्नेको संख्या बढेको जिल्ला प्रहरी कार्यालय मोरङको तथ्यांकले उल्लेख छ । जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक मकेन्द्र कुमार मिश्रका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ३ सय २८ जनाले आत्महत्या गरेका थिए । आत्महत्या गर्नेमा १ सय ८८ पुरुष, १ स २० महिला, ६ बालक र १४ बालिका रहेका थिए ।

आर्थिक वर्ष २०८२/०८३ मा भने आत्महत्या गर्नेको संख्या बढेर ३ सय ३३ पुगेको प्रहरीको तथ्यांकमा उल्लेख छ । जसमा २ सय ११ पुरुष, १ सय महिला, ११ बालक र ११ बालिका रहेका छन् । त्यसै गत वर्षको तुलनामा यस वर्ष आत्महत्याको घटनाम ५ जना बढेको छ ।

मोरङ जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार आत्महत्या गर्नेमा पुरुषको संख्या सबैभन्दा बढी छ । चालु आर्थिक वर्ष २०८३/०८४ को साउन ३१ गते सम्ममा आत्महत्या गर्ने पुरुषको संख्या गत वर्षभन्दा २३ जनाले बढेको छ । त्यस्तै बालकमा पनि आत्महत्याका घटना बढेको छ । प्रहरी नायव उपरीक्षक मिश्रले आत्महत्या बढ्नु गम्भीर र जटिल सामाजिक समस्या भएको जानकारी दिए

उहाँका अनुसार बेरोजगारी, आर्थिक संकट, घरायसी तथा पारिवारिक समस्या र साइबर अपराधसँग जोडिएका तनाव आत्महत्याका घटनासँग सम्बन्धित रहेको छ । आत्महत्याको जोखिममा रहेका व्यक्तिलाई समयमै पहिचान गरी मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने वहाँको भनाइ छ । जिल्ला प्रहरी कार्यालय मोरङले आत्महत्या न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम तथा समुदायस्तरीय सचेतना अभियान सञ्चालन गर्दै आईरहेको छ ।

प्रहरीका अनुसार आत्महत्या रोकथामका लागि परिवार, समुदाय, विद्यालय, स्थानीय तह र सुरक्षा निकायबीच सहकार्य आवश्यक छ । समस्या वा तनावमा रहेका व्यक्तिलाई एक्लै छोड्नुको सट्टा उनीहरूको कुरा सुन्ने, भावनात्मक साथ दिने र आवश्यक परे मनोपरामर्श तथा स्वास्थ्य सेवामा जोड्ने व्यवस्था गर्न सके आत्महत्याका घटना न्यूनीकरण गर्न सकिने प्रहरी नायव उपरीक्षक मिश्रको दावी छ ।

# विद्रोहका ती दिन

विराटनगर । धर्म गौतमद्वारा लिखित पुस्तक 'बीपी र विद्रोहका ती दिन' इलाम, नक्सलबारी, बिहार, बनारस' माथि विमर्श गरिएको छ ।

विमर्श कार्यक्रममन वक्ता हरूले पुस्तकले बीपी कोइराला को राजनीतिक यात्रा, विचार, विद्रोह र जेल जीवनका विभिन्न पक्षलाई समेटेको चर्चा गरेका थिए । कार्यक्रममा लेखक गौतमले पुस्तक बीपी कोइरालाको जीवनी नभई आफ्नै अनुभव र बीपीका विचार तथा आदर्शलाई पछ्याउँदै गरेको यात्राको अभिव्यक्तिलाई समेटिएर पुस्तक तयार गरिएको वताए ।

उहाँले आफूले बीपीका विचारलाई पछ्याउने र त्यसलाई आफ्नो ढंगले अनुवाद गर्ने प्रयास गर्दै आएको उल्लेख गर्दै लेखक गौतमले भने पुस्तक कुनै रहर वा पूर्वयोजना अनुसार लेखिएको होइन, राजनीति र साहित्यसँग निरन्तर जोडिइरहने क्रममा पुस्तक तयार गरेको छ । पुस्तकमा बीपीले अघि सारेको एकता र मेलमिलापको नीतिलगायतका विषयलाई चर्चा गरिएको उहाँले दावी गरेका थिए ।

लेखक गौतमले वर्तमान समयमा समाजवाद चुनौतीका रूपमा रहेको उल्लेख गर्दै समाजवादको विचारलाई कांग्रेसबाट हटाइए नयाँ पुस्ता कांग्रेसतर्फ आकर्षित हुने आधार कमजोर बन्न सक्ने धारणा व्यक्त गरेका थिए ।

पुस्तकका विषयवस्तु, बीपीको राजनीतिक दर्शन, विद्रोहको चेतना तथा वर्तमान राजनीतिमा बीपीका विचारको सान्दर्भिकता बारे समेत छलफल गरिएको कार्यक्रममा साहित्यकार विवस पोखरेल, वरिष्ठ पत्रकार मोहन भण्डारी, प्राध्यापक विष्णु पोखरेलले बीपी कोइरालामा विद्रोहको चेतना रहेको र त्यसको प्रभाव पुस्तकका विभिन्न प्रसंगमा देखन सकिने चर्चा गरेका थिए ।

बीपीको विद्रोहको यथार्थ र त्यसको परिकल्पना व्यवहारमा पूर्ण रूपमा लागू हुन नसकेको धारणा व्यक्त गर्दै पुस्तकमा बीपीको जेल जीवनदेखि राजनीतिक यात्रा सम्मका विषय समेटिएकाले यो इतिहास बुझ्नका लागि नयाँ पुस्ताका युवक लगायत सबैले पढ्नुपर्ने पुस्तक रहेको लेखकको टिप्पणी थियो ।



# महिला उद्यम समितिद्वारा तिजोत्सव



विराटनगर । नेपाली नारीहरुको महान् एवं मौलिकपर्व हरितालिका तिज-२०८३ को अवसरमा मोरङ उद्योग व्यापार संघको महिला उद्यम समितिको आयोजनामा तिजोत्सव को शुभकामना आदान-प्रदान कार्यक्रम मंगलवार सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि माननीयगी तातिम्सिनाले महिलाअधिकार तथा सशक्तीकरणका क्षेत्रमा प्राप्त उपलब्धिहरु महिला अधिकारका लागि विभिन्न कालखण्डमा संघर्षरत अग्रज महिलाहरुको त्याग, समर्पण र लामो संघर्षको परिणाम भएको बताउनु भएको थियो । अझै पनि समाजका विभिन्न तह र क्षेत्रमा महिलाहरु आफ्ना अधिकार, अवसर र समानताका लागि संघर्षरत रहेको उल्लेख गर्दै उहाँले दुर्गम तथा पिछडिएका क्षेत्रका महिलाहरुको अवस्था र उनीहरुले महिलाअधिकार स्थापनाका लागि पुऱ्याएको योगदानलाई स्मरण गर्नुपर्नेमा जोड दिनु भएको थियो । महिला सशक्तीकरणलाई थपप्रभावकारी र सार्थक बनाउन महिलाहरु बीच एकता, संगठन र सामूहिक प्रयास अपरिहार्य रहेको बताउँदै उहाँले सम्पूर्णमा हरितालिका तिजको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भएको थियो ।

संघको महिला उद्यम समितिकी संयोजक श्रुतीशर्माको सभापतित्व समितिकी सचिव जिना श्रेष्ठद्वारा संघको समृद्धि हलमा संचालित उक्त कार्यक्रम का सभापति एवं महिला उद्यम समितिका संयोजक श्रुती शर्माले स्वागत मन्तव्य व्यक्त गर्दै हरितालिका तिज नेपाली समाजको धार्मिक तथा सांस्कृतिक जीवनसँग अभिन्नरुप मा जोडिएको मौलिक पर्व रहेको बताउनु भएको थियो । यस्ता सांस्कृतिक तथा सामाजिक कार्यक्रमहरुले व्यावसायिक व्यस्तता बीच महिला उद्यमीहरुलाई आपसी भेटघाट, अनुभव तथा विचार आदान-प्रदान र पारस्परिक सम्बन्ध विस्तारको अवसर प्रदान गर्ने बताउँदै उहाँले आगामी दिनमा समेत त्यस प्रकारका कार्यक्रमहरु ल्याउन संघको महिला उद्यम समिति तत्पर रहेको जानकारी गराउनु भएको थियो ।

साथै, कार्यक्रममा विशिष्ट अतिथिका रुपमा उपस्थित मोरङ उद्योग व्यापार संघका उपाध्यक्ष अनिल सारडाले महिलाहरुको भूमिका र योगदान प्रति सम्मान व्यक्त गर्दै वर्तमान समयमा महिलाहरु घरपरिवारको सीमित दायरामा मात्र नरही आर्थिक, सामाजिक, शैक्षिक, व्यावसायिक तथा विकासका विविध क्षेत्रमा सशक्तरुपमा आफ्नो उपस्थिति स्थापि तगर्दै अघि बढिरहेको बताउनु भएको थियो । सो क्रममाउहाँले महिला सशक्ती करण तथा समावेशी विकासका लागि महिलाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता आवश्यक रहेको धारणा व्यक्तगर्नु भई सम्पूर्णमा हरितालिका तिजको शुभकामना व्यक्तगर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा संघको महिला उद्यम समितिकी सह-संयोजक साधना झाले धन्यवाद मन्तव्य दिनु भएको थियो । सो क्रममाउहाँले हरितालिका तिज-२०८३ को अवसरमा सम्पूर्ण नेपाली दिदी बहिनी तथा आम नागरिकको जीवनमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगति प्राप्त होस् भन्ने कामना गर्नु भई समितिको सो कार्यक्रमले महिला उद्यमीहरु बीच आपसी सद्भाव, आत्मीयता, सहकार्य र सामाजिक एकताको भावनालाई थप प्रगाढ बनाउन योगदान पुऱ्याएको विश्वास व्यक्तगर्नु भएको थियो ।

कार्यक्रममा मोरङ उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार साह, महासचिव संजय कुमार श्रेष्ठ, युवा उद्यम समितिका संयोजक अमित अग्रवाल, नेपाल पत्रकार महासंघ, मोरङकी अध्यक्ष शुशिला पाठक, लगायत विभिन्न संघ-संस्थामा आबद्ध महिला उद्यमीहरु, सामाजिक संघ-संस्थाका प्रतिनिधिहरु तथा सञ्चार कर्मीहरुको उपस्थिति रहेको थियो ।

## बसाई...

आकर्षित गर्न सकिन्छ ।

साथै नेपालमै सम्मानजनक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई बाध्यता होइन, विकल्प बनाउने वातावरण निर्माण गर्नु समयको आवश्यकता हो । विदेश जान चाहनेलाई रोक्ने होइन, स्वदेशमै काम गर्ने चाहना राख्नेलाई अवसर सिर्जना गर्ने नीति आवश्यक छ ।

कृषि, पर्यटन, साना तथा मझौला उद्योग र स्थानीय उद्यममार्फत गाउँमै रोजगारी सिर्जना गर्न सकिएमा बसाइँ सराइको दबाब पनि केही हदसम्म कम गर्न सकिन्छ ।

वैदेशिक रोजगारीले आर्थिक लाभ दिएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । तर त्यसले सिर्जना गरेका सामाजिक लागतहरू, विशेषगरी कृषि क्षेत्रको कमजोर अवस्था, ग्रामीण जनशक्तिको अभाव, बाँझो जमिनको विस्तार र सामाजिक संरचनामा आएको परिवर्तनलाई पनि समान रूपमा नीतिगत बहसको केन्द्रमा ल्याउनुपर्छ ।

विप्रेषणलाई केवल उपभोगमा सीमित नराखी उत्पादन, कृषि तथा स्थानीय उद्यममा लगानी गर्ने वातावरण बनाउन सके वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभलाई दीर्घकालीन विकाससँग जोड्न सकिन्छ ।

अन्ततः वैदेशिक रोजगारी आफैँमा समस्या होइन। समस्या तब सुरु हुन्छ, जब देशको उत्पादनशील जनशक्ति निरन्तर बाहिरिन्छ र त्यसको विकल्पमा स्वदेशमा उत्पादन, रोजगारी र सामाजिक संरचना बलियो बनाउने आधार तयार हुँदैन ।

त्यसैले बसाइँसराइलाई केवल रोजगारी वा विप्रेषणको दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन । यसका आर्थिक, सामाजिक, सांस्कृतिक र कृषि क्षेत्रमा पर्ने दीर्घकालीन प्रभावलाई पनि सँगसँगै हेर्नुपर्छ ।

यदि आजै कृषि क्षेत्रलाई पुनर्जीवित गर्ने दीर्घकालीन योजना बनाइएन भने भोलिका दिनमा हामीले केवल उब्जाउ जमिन मात्र होइन, हाम्रो कृषि संस्कृति, गाउँको जीवनशैली र खाद्य आत्मनिर्भरताको आधारसमेत गुमाउने जोखिम बढ्नेछ ।

गाउँमा खेत बाँझो हुनु केवल एउटा जमिनको उत्पादन रोकिएजस्तो देखिए पनि त्यससँगै एउटा परिवारको सीप, एउटा पुस्ताको ज्ञान र एउटा समुदायको जीवनशैलीसमेत हराउँदै गएको हुन सक्छ ।

त्यसैले अबको बहस वैदेशिक रोजगारीबाट कति विप्रेषण भित्रियो भन्नेमा मात्र सीमित हुनु हुँदैन । कति श्रम बाहिरियो, कति जमिन बाँझियो, कति कृषि ज्ञान हरायो र गाउँको सामाजिक जीवनमा कस्तो परिवर्तन आयो भन्ने प्रश्न पनि सँगसँगै उठाउनुपर्छ । आर्थिक लाभसँगै सामाजिक लागतको पनि हिसाब राख्ने समय आएको छ ।

(लेखिका समाजशास्त्रअन्तर्गत वैदेशिक रोजगारीको सामाजिक प्रभावसम्बन्धी विषयमा विद्यावारिधि गरिरहेकी छिन् ।)
अनलाईन खबरबाट सभार




## गर्मी र वर्षाको कारण सर्पदंशका विरामी बढ्दै

विराटनगर गर्मी र वर्षाको मौसमको कारण सर्पदंशका विरामीको संख्या कोशी अस्पतालमा बृद्धि भएको छ । वर्षाको मौसममा भाईरल ज्वरो, झाडापखालाका बिरामीसंगै सर्पदंशका बिरामी समेत अघिलो वर्ष भन्दा यसवर्ष अस्पतालमा बढेको छ ।

जहदा गाउपालिका ५ कि जयरानी कुमारी मेहता घर लिप्नको लागि माटो निकाल्ने क्रममा सोमबार घरमै सर्पले डस्यो । घर लिप्नका लागि आगनमै थुपारेर राखेको माटो निकाल्ने क्रममा उनलाई सर्पले टोकेको थियो । उनी जस्तै सर्पले टोकेर अस्पताल आउनेको संख्या अघिलो वर्ष भन्दा यसवर्ष सर्पदंशका विरामी कोशी अस्पतालमा बढेको पाइएको छ ।

कोशी अस्पतालमा अहिले दैनिक १० देखि १५ जना सर्पदंशका बिरामी आउने गरेको अस्पतालको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डाक्टर चन्द्रभाल झा जानकारी दिए । उहाँका अनुसरा अहिलो वर्षमा ४ सय ५२ जना सर्पदंशका बिरामी आएका थिए । जसमा २९ जना महिला र ११ जाना पुरुषगरी जम्मा ४० जानालाई एन्टिस्नेक भेनम भ्याकसिन लगाएर निको पारेको मेसु झाले जानकारी दिदै जस मध्ये एक जना सर्पदंशका बिरामीलाई आइसियूमा राखेर उपाचारपछि घरपठाएको जनाकारी दिए ।

यस वर्ष साउन ३१ गते सम्ममा ६ सय ८९ जाना सर्पदंशका बिरामी आएका छन् । जसमा ३९ जना महिला र २६ जाना पुरुषगरी जम्मा ६५ जनालाई एन्टिस्नेक भेनम भ्याकसिन लगाएर निको पारेको मेसु झाले वताए । सर्प दंशका विरामिहरुलाई एन्टिस्नेक भेनम भ्याकसिन नि:शुल्क उपल्ब्ध गराएको मेसु झाले भनाई छ ।

मेसु झाका अनुसर कोशी अस्पतालमा २ महिना अगाडी एन्टिस्नेक भेनम भ्याकसिनको अभाव भएको थियो । भने अहिले अस्पतालमा एन्टिस्नेक भेनम भ्याकसिन पर्याप्त मात्रा रहेको जानकारी गराए । यता सर्पदंश बिरामीका आफ्नत विष्णु मेहता र विराटनगरका टंक प्रसाद सापकोटाले कोशी अस्पतालमा सर्पदंशको उपचार राम्रोसंग भएको बताउनु हुन्छ ।

सर्पदंशका विरामीलाई ततकाल सर्पदंशल उपचार हुने अस्पतालमा पुऱ्यौं भने बाँचन सकिने सम्भावना प्रवल हुन्छ । यसबाट खासै डराउनु पर्दैन् तर सचेत चाहि हुनुपर्छ, । सर्पले टोकन वितिकै सर्वप्रथम डोरी वा सेलन पानीको पाईपले वा क्रेक बाइनडीजले बाँधनु पर्छ । सर्पटोकेका विरामीलाई सुत्न नदिनु र खुटमा टोकेको छ, भने हिंडन नदिने मेसु झाले सुझाव दिए । गर्मी र वर्षा यामको मौसममा सर्प दम्स लगायत विभिन्न मौसमी बिरामिहरु बढने गरेकोले यो मौसममा मानिसहरुको सानो लापरबाहीले ठूलो जोखिम मोल्नु पर्ने हुन सक्छ । ज्यानै समेत जान सक्ने भएकोले यसप्रती सबै सचेत रहन मेसु झाले आग्रह गरेको छ ।

## धार्मिक सद्भाव कायम राख्न आग्रह

विराटनगर । विश्व हिन्दु परिषद नेपालले धार्मिक सदभाव कायम राख्नाका लागि विभिन्न धर्मावम्बीहररुलाई आग्रह गरेका छन ।

विराटनगरमा विश्व हिन्दु परिषद नेपाल मोरङ जिल्ला कार्य समितिले धार्मिक सदभाव कायम राख्नाका लागि विभिन्न धर्मावल्मीहरुलाई गर्दै सवै जात जातिहरुको धर्म संस्कृति सम्प्रदायलाई एक ढिका बनाएर अगाडी बढन लागिएको विश्व हिन्दु परिषद नेपाल मोरङ जिल्ला कार्य समितिका उपाध्यक्ष महेश स्वर्णकारले जानकारी दिए ।

नेपालमा बसोवासवास गरेका हिन्दु, मुसलिम, किँरात, ईसाई, बोद्धिष्ट, क्रिस्चियन लगायतका धर्मावलीका मानिसहरुसंग सदभाव कायम राख्न विश्व हिन्दु परिषद नेपाल मोरङ जिल्ला कार्य समितिले प्रयास गर्दै आईरहेको उहाँले जानकारी गराए ।

यति प्रयास गर्दा गर्दै यदि कोही कसैले धार्मिक द्वण्द्व सृजना गर्ने खालका कुनै गतिविधि गरेमा त्यसतो व्यात्तीको पहिचान गरेर विश्व हिन्दु परिषद नेपाल मोरङ जिल्ला कार्य समितिले कारवाहीका लागि सम्बन्धित निकायमा पठाउने उपाध्यक्ष स्वर्णकारले वताए ।

विश्व हिन्दु परिषद नेपाल मोरङको बार्षिक साधारण सभाले रमेश कुमार चापागाईको अध्यक्षतामा १३ जनाको कार्य समिति सदस्य समेत सर्वसहमतले चयन गरेको छ । उपाध्यक्ष सविता अधिकारी, उपाध्यक्ष महेश कुमार स्वर्णकार, सह सचिव कल्पना बाँस्कोटा, कोषाध्यक्ष पुष्पलता कोईराला चयन भएको छ ।

त्यसैगरी सदस्यहरु अनुराधा थापा, पुनम भट्टराई, लक्ष्मी घिमिरे पोखेल, आलोक शाह, सुमन कामत, कबिता सहनी,

वांकी अन्तिम पेजमा...